त्रिवेणी गाउँपालिका
स्थानीय राजपत्र

खण्ड : ०१ संख्या : ०३ मिती : २०७९/१२/२३

भाग–२

# त्रिवेणी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय व्यवस्थापन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७९/१२/२१ गते

**प्रस्तावना**

संघिय लोकतान्त्रिक गणतन्त्रको परिकल्पना बमोजिम शिक्षा ऐन २०२८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, त्रिवेणी गाउँ शिक्षा ऐन २०७५ एवं कार्यविधिहरु सबै सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान गरी सबै सामुदायिक विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्न र दरबन्दी मिलान तथा विद्यालय व्यवस्थापन सम्बन्धमा गाउ कार्यपालिकाद्धारा गठित कार्यदल प्रतिवदेन २०७९ समेतको आधारमा त्रिवेणी गाउपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार गर्न एवं शैक्षिक विकास गर्न बाञ्छनिय भएकोले त्रिवेणी गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान तथा विद्यालय व्यवस्थापन कार्यविधि २०७९" रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

(ग) यो कार्यविधि त्रिवेणी गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "इकाइ"भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ ।

ख) "ऐन"भन्नाले त्रिवेणी गाउँ शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

ग) "दरबन्दी" भन्नाले सामुदायिक विद्यायलमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनुपर्छ र सो शब्दले महिला शिक्षा परियोजनाको शिक्षक दरबन्दी तथा राहत अनुदान समेतलाई जनाउदछ ।

घ) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका सामुदायिक विद्यालयलाई सम्झनुपर्दछ ।

ङ) "गाउँपालिका"भन्नाले त्रिवेणी गाउँपालिका सम्झनुपर्छ ।

च) "कार्यपालिका"भन्नाले त्रिवेणी गाउँकार्यपालिका सम्झनुपर्छ ।

छ) "गाउँ शिक्षा समिति" भन्नाले त्रिवेणी गाउँ शिक्षा ऐन २०७५ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

झ) "शिक्षा अधिकृत" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ ।

ञ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ, सो शब्दले प्रधानाध्यापक समेतलाई सम्झनुपर्छ ।

ट) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ ।

ठ) "विद्यालय व्यवस्थापन समिति समिति" भन्नाले त्रिवेणी गाउँ शिक्षा ऐन २०७५ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिए वा तोकिए बमोजिम सम्झनुपर्छ ।

ढ) "दरबन्दी मिलान तथा व्यवस्थापन" भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी, राहत, करार र गाउँपालिकाको अनुदानबाट पारिश्रमिक पाउने सबै कार्यरत शिक्षक तथा कर्मचारीहरुको मिलानलाई सम्झनुपर्छ ।

ण) अन्य शब्द ऐन , नियमावली र पदको अर्थ प्रचलित ऐन कानुन र नियमानुसार रहेको सम्झनुपर्छ ।

## परिच्छेद–२

### ३) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनका आधारहरु

#### क) बालविकास केन्द्र

- प्रत्येक विद्यालयमा न्यनतम १ बालविकास केन्द्र र वालविकास शिक्षक कायम गरीनेछ।
- प्रत्येक बालविकास कक्षामा १५ जना बालबालिका वरावर १ जना बालविकास शिक्षकको व्यवस्था गरीनेछ।

#### ख) आधारभुत तह ,कक्षा १–३

- कक्षा १–३ सञ्चालन भएको तर २० जना भन्दा कम विद्यार्थी भएमा न्यूनतम १ जना शिक्षक दरबन्दी,
- ५० जना सम्म विद्यार्थी भएमा न्यूनतम २ जना दरबन्दी,
- ५० जना भन्दा बढी विद्यार्थी भएमा न्यूनतम ३ जना दरबन्दी कायम गरीनेछ।

#### ग) आधारभुत तह ,कक्षा १–५

- कक्षा १–५ सञ्चालन भएको तर ३० जना भन्दा कम विद्यार्थी भएमा न्युनतम २ जना शिक्षक दरबन्दी
- ८० जना भन्दा कम विद्यार्थी भएमा न्युनतम ३ जना शिक्षक दरबन्दी
- १२५ जना भन्दा कम विद्यार्थी भएमा न्युनतम ४ जना शिक्षक दरबन्दी र १२५ जना भन्दा बढी विद्यार्थी भएमा न्युनतम ५ जनासम्म शिक्षक दरबन्दी कायम गरीनेछ।

#### घ) आधारभुत तह ,कक्षा १–६

- कक्षा १–६ सञ्चालन भएको विद्यालयमा कक्षा ६ मा मात्रै जति विद्यार्थी भए पनि १ जना शिक्षक दरबन्दी र कक्षागत विद्यार्थी संख्याको आधारमा थप शिक्षकको व्यवस्था हुनेछ।

#### ङ) आधारभुत तह ,कक्षा १–८

- कक्षा १–८ सञ्चालन भएको विद्यालयको हकमा ६–८ कक्षाको विद्यार्थी संख्या ५० भन्दा कम भएमा ३ जना दरबन्दी
- ५० जना भन्दा बढी विद्यार्थी भएमा ४ जनासम्म शिक्षक दरबन्दी कायम गरीनेछ।

च) माध्यमिक तह, कक्षा ९–१०

- कक्षा ९–१० मा अनिवार्य विषयका न्यूनतम ५ जना शिक्षक विषयगत आधारमा शिक्षक दरवन्दी मिलान गरीनेछ ।
- शून्य दरबन्दी भएका कक्षा ९-१० का अनिवार्य बिषयका न्यूनतम ३ जना बिषयगत शिक्षक विद्यार्थी संख्याका आधारले थप गरीनेछ।
- माध्यमिक तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई माथिल्लो तहका शिक्षक दरबन्दी कम भएका विद्यालयमा व्यवस्थापन गरीनेछ।

४) शिक्षक दरबन्दी मिलान तथा विद्यालय व्यवस्थापनका प्रक्रिया :

- गाउँपालिका भित्र शिक्षक दरबन्दी मिलान तथा विद्यालय व्यवस्थापन गर्दा पहिलो चरणमा दरबन्दी थपिने र कटौति हुने विद्यालयको सूची प्रकाशन गरीने ।
- दरवन्दी कटौति हुने विद्यालयका शिक्षकहरुलाइ थप दरबन्दी हुने विद्यालयमा जान स्वेच्छीक रुपमा निवेदन दिन आव्हान गर्ने ।
- यसरी शिक्षकबाट आएको निवेदनलाइ प्राथमिकताका आधारमा पदस्थापना गरीने ।
- शिक्षक पदस्थापना गर्दा महिला र अपांग शिक्षकलाइ पायक पर्ने स्थानमा मिलान गर्ने ।
- दरवन्दी कटौति र थप हुने भएका विद्यालयको भौतिक, आर्थिक, प्राविधिक तथा प्रशासनिक व्यवस्थापन गर्नका लागि सम्बन्धित विद्यालय जवाफदेहिं हुनुपर्नेछ।
- कुनै विद्यायलमा एउटै विषयका दुइ वटा स्वीकृत वा राहत दरबन्दी भएमा त्यस्तो विषयको दरबन्दीलाइ अन्य कुनै विद्यालयमा समायोजन गरीनेछ।
- शैक्षिक सत्र २०७९ को वार्षिक परीक्षामा सम्मिलित भएका विद्यार्थी संख्यालाई सोहि वर्षको IEMIS संग भेरीफिकेसन गराई दरबन्दी मिलानको आधार लिइनेछ।
- कुनै विद्यालयमा हाल काजमा रहेका शिक्षकहरुलाई दरबन्दी मिलेसम्म त्यसै विद्यालयमा दरबन्दी मिलान गर्ने अन्यथा सम्बन्धित विद्यालयमा काज फिर्ता गरीनेछ।
- कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढि भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दी एकमुष्ठ गणना गरी नियमावली बमोजिम न्यूनतम दरबन्दी सुनिश्चित गरी स्थानीय तहगत दरबन्दी मिलान गर्ने ।

- प्राथमिक तहमा कटौति भएको दरबन्दीलाई शुन्य दरवन्दी भएका सोहि वा अर्को विद्यालयको माथिल्लो तहमा शिक्षकको शैक्षिक योग्यता, विषय र आवश्यकताका आधारमा मिलान गरीनेछ।

## परिच्छेद–३

**५) शिक्षक दरबन्दी मिलान तथा विद्यालय व्यवस्थापन कार्यदलको व्यवस्था**

क) गाउँपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न देहाय बमोजिमका सदस्यहरु रहने गरी एक कार्यदल गठन हुनेछ :

क) गाँउपालिका उपाध्यक्ष - संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य
ग) सामाजिक विकास समिति संयोजक - सदस्य
घ) कार्यपालिका सदस्य मध्ये एक जना महिला सहित २ जना सदस्य - सदस्य
ङ) शिक्षा युवा तथा खेलकूद शाखाका प्रमुख - सदस्य सचिव

ख) उक्त कार्यदलमा शिक्षा सम्बन्धी विज्ञलाई आवश्यकता अनुसार आमन्त्रीत सदस्यको रुपमा राख्न सकिनेछ।

**६) दरबन्दी मिलान तथा व्यवस्थापन कार्यदलको काम, कर्तव्य र अधिकार :**

१) शिक्षक दरबन्दी मिलानका लागी विद्यालयको स्थलगत अध्ययन गरी शिक्षक तथा विद्यार्थीको अनुपात अवस्था, मौजुदा शिक्षक संख्या,दरबन्दी मिलान तथा व्यवस्थापनको लागी कायम हुने शिक्षक संख्या र विद्यार्थीको संख्या यकिन गरी प्रतिवेदन शिक्षा समितिमा पेस गर्ने।

२) विद्यालयमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गर्न खटाइने विद्यालय र शिक्षकको नामावली सहित विवरण सिफारिस गर्ने।

३) विद्यालय समायोजन गर्नुपर्ने भए सोको विवरण सहित शिक्षा समितिमा पेस गर्ने।

## परिच्छेद–४
## शिक्षक व्यवस्थापन

**७) शिक्षक व्यवस्थापनका आधारहरु :** दफा ३ बमोजिम प्राप्त हुन आउने पुलमा रहेको दरबन्दीमा गाउँपालिकाले पुनर्वितरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र पदस्थापना गर्नुपर्नेछ :

(क) खुद पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त रहेको राहत अनुदानलाई स्थानान्तरण गर्ने।

(ख) रिक्त राहत अनुदान स्थानान्तरण गर्दा पनि खुद पुल दरबन्दी बाँकी भएमा रिक्त दरबन्दीलाई स्थानान्तरण गर्ने ।

(ग) खुद पुल दरबन्दी पुनर्वितरण गरेको वा गरीने विद्यालयमा स्वेच्छिक रुपमा जान चाहने शिक्षकका लागि निवेदन आव्हान गरी प्राप्त निवेदनको छानबिन गरी उपयुक्तता समेत हेरी स्थानान्तरण गर्ने ।

तर यसरी शिक्षकको स्थानान्तरण गर्दा महिला शिक्षकलाई सम्भव भएसम्म घरपायक पर्ने गरी स्थानान्तरण गर्ने ।

(घ) खण्ड (ग) बमोजिम निवेदन दिने शिक्षकको संख्या धेरै हुन आएमा महिला शिक्षकलाई प्राथमिकता दिई बाँकि दरबन्दीको हकमा शिक्षकको नियुक्ति मितिको जेष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

(ङ) करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

(च) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

(छ) खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिम शिक्षक स्थानान्तरण गर्दा पुल दरबन्दी वितरण गर्न बाँकि रहेमा स्थायी शिक्षकको नियुक्ति मितिको आधारमा कनिष्ठताको क्रम निर्धारण गरी कनिष्ठबाट स्थानान्तरण गर्ने ।

(ज) शिक्षकको स्थानान्तरण गर्दा सम्भव भएसम्म पति, पत्नी एकै वडामा पर्ने गरी मिलान गर्न प्राथमिकता दिने ।

## परिच्छेद–५
## विविध

८) शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्ने : यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुपर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन । साथै निजलाई प्रचलित नियमानुसार कार्वाही समेत हुनेछ ।

९) विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने : दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

१०) प्रधानाध्यापक जिम्मेवार हुने : यस कार्यबिधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई नियमानुसार रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

११) सहयोग लिन सक्नेः शिक्षा, युवा तथा खेलकुद शाखाले गाउँपालिका भित्र दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापन गर्दा आईपर्ने समस्या समाधानका लागि गाउ शिक्षा समिति मार्फत कार्यपालिकाको सहयोग लिन सक्नेछ।

१२) समन्वय र सहजीकरण गर्ने : दरबन्दी पुर्नवितरण तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयले गाउपालिकासंग समन्वय र सहजीकरण गर्नुपर्नेछ।

१३) समन्वय तथा सहयोग गर्नुपर्ने : नेपाल शिक्षक महासंघ तथा शिक्षकको पेशागत संघ संगठनहरुले शिक्षक दरबन्दी पुर्नवितरण तथा शिक्षक व्यवस्थापनको लागि स्थानीय तह, इकाइ, प्रदेश र संघले गरेका कार्यहरुमा आवश्यक समन्वय तथा सहयोग गर्नुपर्नेछ।

१४) शून्य दरबन्दी भएको विद्यालयका दरबन्दी वितरण गर्न सकिने : नेपाल सरकारबाट विद्यालय सञ्चालन अनुमति पाएका तर विद्यालयमा शून्य दरबन्दी भएको विद्यालयमा समेत दरबन्दी सहित पदस्थापना गर्न सकिनेछ। सो को जानकारी सम्वन्धित निकायमा पेस गर्नुपर्नेछ।

१५) दरवन्दी कटौति गर्न सकिने : परिच्छेद २ को मापदण्ड अनुसार विद्यालयमा दरबन्दी बढि भएमा दरबन्दी कटाएर अन्य विद्यालयमा दरबन्दी सहित पदस्थापना गर्न सकिने छ।

१६) दरबन्दी थपघट गर्न सकिने : विद्यालयमा विद्यार्थी संख्या तोकिएको मापदण्ड अनुसार थपघट भएमा दरबन्दी थप तथा कटौती गर्न सकिने छ।

१७) उजुरी :

१) यस मापदण्ड बमोजिम भएका काम कारवाही सम्बन्धमा चित्त नबुझेमा गाउपालिका समक्ष उजुरी दिन सकिनेछ।

२) उपदफा १ बमोजिम परेको उजुरीको कारवाही र किनारा गाउ पालिकाको निर्देशनमा गाउ शिक्षा समितिले गर्नेछ।

१८) बाधा अड्काउ फुकाऊ : शिक्षा ऐन २०२८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, त्रिवेणी गाउँ शिक्षा ऐन २०७५ एवं कार्यविधिहरुमा उल्लेख भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यसको अन्तिम निर्णय गाउँ कार्यपालिकाले गर्नेछ।

१९) संसोधन गर्न सकिने : यस कार्यविधिमा भए गरेका प्रावधानहरुका लागि गाउँकार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ।

२०) बाझिएमा अमान्य हुने : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

आज्ञाले,

**रामबहादुर बुढा**

प्रमुख प्रशासकीय अधिकृत